प्रदेश सरकार
प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, नेपाल

सचिव बैठक नं: ४७

बैठक मितिः २०७६/०६/०१

उपस्थिती

| | | |
|---|---|---|
| श्री तोयनारायण ज्ञवाली | प्रमुख सचिव | प्रदेश नं. ५ |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री शंकर प्रसाद खरेल | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री मधु कुमार मरासिनी | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री नूर मुहम्मद खाँ | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री गोपीकृष्ण खनाल | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री विजय सुवेदी | नि.सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री श्रीधर ज्ञवाली | नि. सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री ज्ञानहरी घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री रामचन्द्र अर्याल | अधिकृत आठौं | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

निर्णयहरु

क. संविधान दिवस २०७६ मनाउने सम्वन्धमा ।

१. माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा गठित मूल समारोह समितिले गरेका निर्णय वमोजिमका कार्यक्रमहरु संचालन गरी सवै मन्त्रालयले संविधान दिवस, २०७६ भव्यताकासाथ मनाउने।

२. सवै मन्त्रालयहरुले कार्यालय परिसर सरसफाई गर्ने, दिवस मूल समारोहमा सवै कर्मचारीहरुलाई तोकिएको पोशाक लगाई अनिवार्य रुपमा उपस्थित हुने व्यवस्था मिलाउने । साथै, असोज २, ३ र ४ गते साँझ मन्त्रालय एवम् कार्यालयमा दिपावली गर्ने ।

प्रमुख सचिव

मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं. ५
बुटवल, नेपाल

ख. <u>अनुगमन तथा नियमन सम्वन्धमा</u> ।

१. आसन्न चाडपर्वहरुमा यात्रुहरुको आवागमन वढी हुने कारण यातायातका साधनहरुको आवतजावत वढी हुनेहुँदा सर्वसाधारणलाई सहजरुपमा गाँउघरसम्म आउन जानका लागि यातायात तथा सडक व्यवस्था सूचारु राख्न भौतिक पूर्वाधार विकास मन्त्रालय तथा आन्तरिक मामिला तथा कानून मन्त्रालयले सवारी साधन तथा सडकको अवस्था अनुगमन, अवलोकन गरी सहज र प्रभावकारी व्यवस्थापन गर्ने ।

२. चाडवाडका समयमा वजारमा किनमेल वढी हुनेहुँदा सो समयमा हुनसक्ने कृतिम अभाव, कालोवजारी, मूल्यवृद्धि, कार्टेलिङ्ग, सिण्डिकेट लगायतका विकृती नियन्त्रण गर्नका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयसँगको समन्वय र सवै सरोकारवालाहरुको सहभागितामा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रभावकारी रुपमा मूल्यसूची राख्न लगाउने तथा वजार अनुगमन प्रभावकारी रुपमा गर्ने, गराउने ।

ग. <u>प्रदेश समन्वय परिषद् सम्वन्धमा</u> ।

१. स्थानीय तहसँग समन्वय तथा सहकार्यमा कठिनाइ भएका कारण नीति कार्यक्रम तथा बजेट कार्यक्रम कार्यान्वयनमा समस्या भएको भए आगामी असोज ६, २०७६ मा हुने प्रदेश समन्वय परिषद्को बैठकमा छलफल गर्न मन्त्रालयहरुले विवरण पठाउन वाँकी भए तयार गरी २ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

२. आगामी असोज ६, २०७६ मा हुने प्रदेश समन्वय परिषद्को बैठक संचालनका लागि सबै मन्त्रालयले जनशक्ति तथा अन्य आवश्यक सहयोग र समन्वय गर्ने । सामाजिक विकास मन्त्रालयले कार्यक्रम संचालन स्थलमा हेल्थ डेस्क राख्ने व्यवस्था मिलाउने ।

घ. <u>चालू आवको नीति कार्यक्रम तथा वजेट कार्यान्वयन सम्वन्धमा</u> ।

१. सवै मन्त्रालयहरुले चालू आ.व. २०७६/७७ को नीति कार्यक्रम र वजेटको कार्यान्वयन कार्ययोजना बमोजिमका कार्यहरु प्राथमिकताका साथ तोकिएको मिति भित्रै सम्पन्न गर्ने । भाद्र मसान्तसम्म भएको कार्ययोजना बमोजिमको प्रगति प्रतिवेदन असोज ७ गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

२. चालू आ.व.को पहिलो चौमासिक भित्र सम्पन्न गर्नुपर्ने कार्यक्रम र क्रियाकलापहरु कार्ययोजनाबमोजिम अनिवार्य रुपमा सम्पन्न गर्ने व्यवस्था मिलाउने ।

प्रमुख सचिव

प्रदेश सरकार
मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
प्रदेश नं. ५
बुटवल, नेपाल

३. माननीय मुख्यमन्त्रीज्यूले आ.व. २०७६/७७ को नीति कार्यक्रम र वजेट कार्यान्वयन कार्ययोजनाका छलफलका क्रममा २०७६/४/२ र ३ गते दिनुभएको निर्देशनको कार्यान्वयन सम्वन्धी प्रगति प्रतिवेदन र प्रदेश समस्या समाधान समितिको वैठकमा दिनुभएको निर्देशनको कार्यान्वयन सम्वन्धी प्रगति प्रतिवेदन सवै मन्त्रालयले ७ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

ङ. विविध ।

१. सबै मन्त्रालयहरुले यस आ.व.मा उपलब्ध गराउने अनुदान प्राप्त गर्ने लाभग्राहीहरुको सूची तयार गरी आ आफ्नो मन्त्रालयको सूचना पाटीमा टाँस गर्ने साथै वेवसाईट मार्फत समेत सार्वजनिकीकरण गर्ने ।

२. प्रदेश लगानी सम्मेलन प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगले आवश्यक सम्पूर्ण तयारी गर्ने।

३. सवै सरोकारवाला निकायसँग समन्वय गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदेश विपद व्यवस्थापन कार्ययोजना तयार गर्ने ।

४. सवै विषयगत मन्त्रालयहरुले आफ्नो कार्यविभाजन बमोजिमका ३/३ वटा प्रदेश गौरवका आयोजना छनौट गर्न बाँकी भए छनौट गरी प्रदेश योजना आयोग तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

५. यस प्रदेशका मन्त्रालयमा सरुवा भई आउनु भएका देहायका मन्त्रालयका सचिवहरुलाई स्वागत गर्ने ।

| | |
|---|---|
| क. श्री मधु कुमार मरासिनी | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ख. श्री शंकर खरेल | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ग. श्री नूर मुहम्मद खाँ | भौतिक पुर्वाधार विकास मन्त्रालय |
| घ. श्री गोपिकृष्ण खनाल | सामाजिक विकास मन्त्रालय |

प्रमुख सचिव

<u>सादर अवगतार्थ</u>
माननीय मुख्यमन्त्रीज्यू
माननीय मन्त्रिज्यूहरु